# धन्यवाद

क्षेत्रीय मिडियाको विगत र वर्तमान केलाउने क्रममा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउने सवै व्यक्ति/संस्था–सवैको नाम यहाँ उल्लेख गर्न सम्भव छैन– प्रति हामी आभार व्यक्त गर्न चाहन्छौं। क्षेत्रीय मिडियाको इतिहासका वारेमा सम्वन्धित क्षेत्रका व्यक्तिहरूलाई नै लेखाउन हामीले उपयुक्त ठान्यौं। हाम्रो अनुरोधलाई स्वीकारेर लेख तयार गरिदिने सवै लेखकहरू धन्यवादका पात्र हुनुहुन्छ। त्यस्तै, अनुसन्धानकर्ताहरूलाई आवश्यक सूचना, सामग्री र सहयोग पुऱ्याउने महानुभावहरू– जसको नाम सम्वन्धित लेखको अन्तमा दिइएको छ–लाई हाम्रो विशेष धन्यवाद।

क्षेत्रीय मिडियासम्वन्धी यस अनुसन्धानको संरचना तयार गर्नेदेखि पुस्तकाकार रूपसम्म आउँदाका विभिन्न चरणमा हाम्रा मिडिया अनुसन्धानकर्ताहरू संयुक्त रूपमा सहभागी भएका थिए। अनुसन्धानकर्ताहरूले आफूले लेखेका मस्यौदा पढेर एक अर्कालाई सल्लाह, सुझाव र टिप्पणी दिएर सहयोग गरेका थिए। त्यसवाहेक जगन्नाथ अधिकारी, रमेश पराजुली र रमा पराजुलीले विभिन्न अध्यायको मस्यौदा पढी सुझाव दिएका थिए। अनुसन्धानका क्रममा प्राप्त तथ्यहरूलाई मार्टिन चौतारीको छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो। सो छलफलमा सहभागी हुने र टिप्पणी, सुझाव दिने सवैलाई धन्यवाद दिन चाहन्छौं।

अनुसन्धानमा आवश्यक विभिन्न सामग्रीको खोजवीन गरेर जुटाइदिने प्रभाकर गौतम र नवराज हुमागाईं तथा यो पुस्तकको अन्तिम सम्पादनमा सहयोग गर्ने शेखर पराजुली र भास्कर गौतमलाई धन्यवाद। शुद्धाशुद्धि हेरिदिनु हुने रमेश भट्टराई र पुस्तकको आवरण तयार गरेर सहयोग गर्ने संरचना डिजाइन स्टुडियोलाई पनि धन्यवाद। त्यस्तै, यो पुस्तकको टाइपसेटिङ, ले-आउट र मुद्रण गर्ने डङ्गोल प्रिन्टर्सलाई पनि धन्यवाद दिन चाहन्छौं।

क्षेत्रीय मिडियावारेको अनुसन्धान एवं पुस्तक प्रकाशनमा एसिया फाउण्डेसनले आर्थिक सहयोग उपलव्ध गराएको हो। फाउण्डेसन र विशेष गरी उक्त संस्थाका जर्ज भारूगिज प्रति हामी आभार व्यक्त गर्दछौं। साथै यस पुस्तकमा व्यक्त विचारहरू प्रति उक्त फाउण्डेसनको सहमति नहुन पनि सक्छ भन्ने जानकारी गराउँछौं।

प्रत्यूष वन्त
मार्टिन चौतारी
सामाजिक विकास तथा अनुसन्धान केन्द्र
चैत २०५८